कार्यसूचिको प्रस्ताव नं. ७ संग सम्बन्धित निर्णय

७. पनौती नगरपालिकाको तेस्रो नगर सभामा वडा अध्यक्ष श्री बुद्धसिंह थापाबाट पेश भएको जनशक्ति विकास योजना विस्तृत छलफल समेतका आधारमा उक्त योजना स्वीकृतिको लागि नगर सभामा पेश गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

विस्तृत विवरण अनुसूची ७ मा उल्लेख छ ।

कार्यसूचिको प्रस्ताव नं. ८ संग सम्बन्धित निर्णय

८. पनौती नगरपालिकाको तेस्रो नगर सभामा प्रस्तुत भएको नीति कार्यक्रम, न्यायिक समितिको प्रतिवेदन, मेलमिलापकर्ताको सूची, उद्यम विकास रणनीतिक योजना, सार्वजनिक महत्वका बिषयहरू, केन्द्र सरकार, प्रदेश सरकारसंग माग गर्नुपर्ने योजना तथा अन्य विविध बिषयहरुमा वडा सदस्य श्री मधुकृष्ण श्रेष्ठ, वडा अध्यक्ष सहकुलकुमार हुमागाई र केशव बन्जारा, वडा सदस्य पुरुषोत्तम कर्माचार्य, सरिता अधिकारी नेपाल, सुभद्रा हुमागाई, गौरी श्रेष्ठ, जितबहादुर श्रेष्ठ, कार्यपालिका सदस्य सिता श्रेष्ठ र सार्वजनिक महत्वका बिषयमा सबै वडा अध्यक्षले उठान गर्नु भएका बिषयहरुमा भएको छलफल पश्चात समग्र उठेका बिषयहरुमा नगर प्रमुख श्री भीम न्यौपानेज्यूबाट जवाफ प्रस्तुत भई न्यायीक समितिको प्रतिवेदन, मेलमिलाप कर्ताको सूची र राजस्व परामर्श समितिको प्रतिवेदन समर्थन गरियो । उद्यम विकास योजना र फरफारक भएका योजना अनुमोदन गरियो अनुसूचीमा भएका केन्द्र र प्रदेश स्तरिय योजना संघीय सरकार र प्रदेश सरकारसंग माग गर्ने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

अनुसूची ८ (क) (ख) (ग) (घ) र (छ) मा उल्लेख छ ।

अन्तमा नगर सभाका अध्यक्ष एवं प्रमुखले तेस्रो नगर सभामा उपस्थित सबै नगर सभासदहरू, पत्रकार लगायत सम्बद्ध कर्मचारीहरुमा धन्यवाद ब्यक्त गर्दै नगर सभाको निर्धारित कार्यसूची बमोजिमको कार्य सम्पन्न भएको ब्यहोरा सहित नगर सभाको बैठक अन्त भएको घोषणा गर्नुभयो ।

भिम न्यौपाने
प्रमुख